Email:gaidahawagaupalika@gmail.com
Website:gaidahawamun.gov.np

# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## गैडहवा–३,विष्णुपुरा रुपन्देही

मिति:२०७७/०६/१६

## करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति :- (२०७७-०६-१६)

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.स.०७७।०७८ च.नं २३ को मिति २०७७।०४।१२ गतेको प्राप्त पत्र र गाउकार्यपालिकाको मिति २०७७।०६।१२ गतेको निर्णयानुसार यस गाउपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार संयोजक पद र प्राविधि सहायक पद करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.स | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/०७७-०७८ | रोजगार संयोजक | स्थानीय सेवाका अधिकृत स्तर | १ |
| २ | २/०७७-०७८ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१.आवश्यक न्यूनतम योग्यता र अनुभव:-

क) रोजगार संयोजकको हकमा नेपाल सरकारबाट प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको, कम्प्युटर सम्बन्धी ज्ञान भएको ।

(ख) प्राविधिक सहायकको पदमा सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको

२.अनुभव र सीप:- प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ:-

- कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
- पूर्वाधारको निमार्ण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

३. उमेर :- रोजगार संयोजकको हकमा कम्तीमा २१ वर्ष र प्राविधिक सहायकको हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

४. दरखास्त दिने स्थान :- गैडहवा गाँउपालिकाको कार्यालय

५. दरखास्त दिने अन्तिम मिति :२०७७।०६।३०

६.आवेदनको दस्तुर: रोजगार संयोजकको हक रु १०००।- र प्राविधिक सहायकको हकमा रु ५००।-

७.छनौटको किसिम: प्रारम्भिक योग्यताकमको सूची प्रकाशन, लिखित र अन्तवार्ता ।

८. आवेदन साथ संलग्न कागजातहरु:

- नेपाली नागरिकता
- न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासर्पोट आकारको फोटो

९. सेवा सुविधा : रोजगार संयोजकको हकमा रोजगार संयोजक पदपूर्ती मापदण्ड २०७६ र प्राविधिक सहायकको हकमा प्राविधिक सहायक पदपूती सम्बन्धी प्रक्रियाको दफा (११),(१२),(१३) बमोजिम हुनेछ ।

१०.सम्पादित गर्नुपर्ने कार्य विवरण : रोजगार संयोजकको हकमा रोजगार संयोजक पदपूर्ती मापदण्ड २०७६ को परिच्छेद ५ र प्राविधिक सहायकको हकमा प्राविधिक सहायक पदपूती सम्बन्धी प्रक्रियाको दफा (९) बमोजिम हुनेछ ।

११.करार अवधि : १ वर्षको हुने छ ।

२०७७/६/१६

...जीवि घिमिरे
...सकीय अधिकृत